# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### सामाजिक उत्तरदायित्व सहितको नाफामा जोड

(गभर्नर डा. खतिवडाद्वारा विजय लघुवित्त वित्तीय संस्थाको उद्घाटन र सम्बोधन)

गभर्नर डा. युवराज खतिवडाले नवलपरासी जिल्लाको रजहरमा नवस्थापित विजय लघुवित्त वित्तीय संस्था लिमिटेडको माघ २८ गतेका दिन समुद्घाटन गर्नु भयो । प्रमुख अतिथिका रुपमा उद्घाटन मन्तव्य राख्नु




हुँदै उहाँले लघुवित्त संस्थाको नाफा सामाजिक उत्तरदायित्व सहितको सीमित नाफा अभिप्रेरित हुनु पर्ने धारणा राख्नु भयो । उहाँले आर्थिक-सामाजिक रुपान्तरण र गरिबी निवारण भनेको सामाजिक-आर्थिक संस्थाहरूकै पूनरअभिमुखीकरण हो भन्नुहुँदै उहाँले सामाजिक पुनरसंरचना गर्दा मूल्य, मान्यता, पद्धति तथा अर्थतन्त्रको पुनरसंरचना गर्दा उत्पादनका साधनहरुमा सहज पहुँच र तिनको अन्तरसम्बन्धको पुनरसंरचना गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

गभर्नर खतिवडाले समृद्धितर्फको कुरा गर्दा नेपालमा एकचौथाइ भूमिहीनहरु रहेका, निरपेक्ष गरिबीको रेखामुनि झण्डै त्यत्ति नै रहेका, शिक्षा र स्वास्थ्यमा तिनको पहुँच कमजोर रहेको तथ्य प्रकाश पार्दै उहाँले सरकारले ल्याएका सामाजिक पूर्वाधारका कार्यक्रमले मध्यमकाल र दीर्घकालमा मात्रै ठोस प्रभाव पार्न सक्ने हुनाले तत्कालका लागि लघुवित्तका माध्यमबाट थोरै बीज पूँजीले आर्थिक सामाजिक रुपान्तरणको अभियान अघि बढाउन सकिने धारणा राख्नु भयो । त्यसका लागि सरकारी निर्णय पर्खनु नपर्ने र क्रान्ति र आन्दोलन पनि नचाहिने उहाँले स्पष्ट पार्नु भयो ।

लघुवित्तले दशकौंदेखि शान्तिपूर्ण ढंगले आर्थिक-सामाजिक आन्दोलन र रुपान्तरणको कार्य गरिरहेको धारणा राख्दै उहाँले महिला सशक्तीकरण, गरिबी न्यूनीकरण र आयआर्जन तथा स्वरोजगारका अवसर सिर्जना गर्दै सानै रुपमा भए पनि मुलुक समृद्धितर्फ बढिरहेको भन्नुभयो । लघुवित्त संयन्त्रका माध्यमले यो सम्भव भएको र यसलाई राज्यले पहिचान गरी जस दिनुपर्ने उहाँको आसय थियो । पछिल्लो १५ वर्षमा मुलुकको गरिबी वार्षिक १ प्रतिशत बिन्दुका दरले घट्नुमा लघुवित्तले गरेको कामको मूल्याङ्कन गर्नु पर्ने र गरिबी न्यूनीकरण अभियानलाई सार्थक बनाउनमा सामुदायिक संस्था, गैरसरकारी संस्था एवं लघुवित्तीय संस्थाहरुबाट भएको योगदानको मूल्याङ्कन गर्दै उहाँले यसैको फलस्वरुप ५ जनामा २ जना गरीब भएको अवस्थाबाट ५ जनामा करिब १ जना मात्र गरीब भएको स्थितिमा आइपुगेको जानकारी गराउनु थियो । सानो बीज पूँजी र प्रविधिले पनि यस कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउने प्रमाणित भएको उहाँले स्पष्ट पार्नु भयो ।

लघुवित्त संस्थाहरुको कार्य प्रक्रिया र बीज पूँजीमाथि प्रकाश पार्दै राज्यले अनुदान दिएर लघुवित्तलाई अघि बढाउँदा यसको दिगोपनामा विचार पुऱ्याउनु पर्ने, राज्य आफै लघुवित्तमा अघि बढ्न नहुने धारणा राख्दै लघुवित्त संस्थाहरु गाउँमा गएर आर्थिक स्थिति कमजोर भएका परिवारलाई परिचालन गर्ने, साक्षर बनाउने, समूहमा आबद्ध गराउने, उनीहरुमा रहेको उद्यमशीलताको विकास गर्ने अनि अलिकति बीज पूँजी दिने, समूहमा आबद्ध ग्राहकहरुको सानो भए पनि बचत परिचालन गरेर क्रमिक रुपमा लघु कर्जा उपलब्ध गराउँदै जाने क्रमसँगै उत्पादन प्रारम्भ भई रोजगारी सिर्जना हुने कुरा उल्लेख गर्दै यसतर्फ जोखिम व्यवस्थापन गर्न राज्यको सहयोग चाहिने कुरा राख्नु भयो । लगानीको सुरक्षाका लागि कृषि तथा लघु बीमा जस्ता काममा राज्यको दायित्व अघि आउने र त्यसका लागि आवश्यक प्रक्रिया अघि

बढिसकेको र अहिले बीमा कम्पनीहरुलाई लघुबीमा सेवा अनिवार्य जस्तै भैसकेको उहाँले जानकारी दिनुभयो । नगदेवाली, पशु, पंक्षी र मत्स्य पालन लगायतका कृषिसँग सम्बन्धित व्यवसायको बीमा गरेर अघि बढ्नुपर्ने उहाँको आसय थियो । लघु बीमाका लागि पशु तथा बाली मूल्याङ्कनकर्ता तथा पशुविज्ञको सहज उपलब्धता चुनौतीको विषय रहेको सन्दर्भमा स्थानीय तहमा नै प्राविधिक जनशक्तिको नियुक्ति गरी कामको अनुगमन र मूल्याङ्कन स्थानीय स्तरमा नै हुने र जवाफदेही बनाउनु पर्ने, यसो भएमा लघुवित्त अझ प्रभावकारी हुनेमा उहाँले जोड दिनु भएको थियो ।

लगानी र उत्पादनपछि किसानका उत्पादनलाई बजारसम्म पुर्‍याउन संगठित प्रयासको आवश्यकता प्रति संकेत गर्दै उहाँले यसका लागि लघुवित्त संस्थाका साथै सहकारी संस्थाहरुलाई समेत परिचालित गर्न सकिने र सरकारले पूँजीगत अनुदानका माध्यमबाट कार्यक्रम अघि बढाउन सक्ने स्पष्ट गर्दै उत्पादन, संकलन, प्रशोधन र बजारीकरणका माध्यमबाट वास्तविक उत्पादकलाई उचित मूल्य दिलाउने काममा लघुवित्तसँगको सहकार्यमा सहकारी संस्थाहरुको प्रयास कोसे ढुङ्गा सावित हुने उहाँको धारणा थियो । विकेन्द्रीकरण र अधिकार निक्षेपणको विषयलाई लघुवित्तसँग आवद्ध गर्न यसलाई कृषि प्रसार सेवा, कृषि प्राविधिक सेवा एवं व्यावसायिक सेवाहरु गाविस र वडा तहसम्म विकेन्द्रित गर्नुका साथै उत्पादित वस्तु बजारमा पुर्‍याउने बेलासम्म आवश्यक पर्ने भण्डारण, चिस्यान केन्द्रहरुको प्रवर्द्धन गरी बिचौलियाले ठग्न नसक्ने र किसानले उचित मूल्य पाउने कुरा सुनिश्चित गर्न सरकारी सहयोग आवश्यक पर्ने उहाँको तर्क थियो ।

कृषि उत्पादनको मूल्य सुनिश्चित गरी साना किसान तथा व्यवसायीलाई लाभ दिन सहकारीबाट प्रशोधन व्यवसाय सञ्चालन गर्न सरकारले पूँजीगत अनुदानको व्यवस्था गरेको जानकारी दिँदै उहाँले लघुवित्त संस्थाको दायित्व उत्पादकत्व बढाउन सकिने क्षेत्र पहिचान गरी कर्जा प्रवाहलाई त्यस तर्फ लक्षित गर्नुमा रहन्छ भन्नु भयो । यसैगरी लगानीको प्रतिफलका लागि उन्नत बीउबिजन, पशु दाना र उन्नत नश्लको व्यवस्था गर्न सरकारसंगको सहकार्यमा सामाजिक रुपान्तरणका अग्रणी गैर-सरकारी संस्थाहरुले सरकार र सेवाग्राहीबीच साँघुको भूमिका निभाउनु आवश्यक रहेको कुरा उहाँले उल्लेख गर्नु भयो ।

लघुवित्त संस्थाको सफलताको मापन नाफाको अंकमा मात्र नभई सामाजिक जिम्मेवारी सहितको हुनु पर्दछ, यो नाफाका सन्दर्भमा सामाजिक व्यवसायका प्रणेताले त नाफा लैजानै नपाउने कुरा अघि सार्दै आएका छन् तथापी लघुवित्त संस्था प्रवर्द्धन गर्नका लागि आवश्यक पर्ने पूँजीलाई आकर्षित गर्नका लागि पनि सीमित परिमाणको नाफा लगानीकर्तालाई दिनु पर्ने र सहकारी क्षेत्रको मुनाफा वाडफाँडलाई एउटा मापदण्डको रुपमा लिन सकिने धारणा उहाँले राख्नु भयो । सामाजिक उत्तरदायित्व र ग्राहकको समृद्धिलाई लघुवित्त संस्थाको सफलताको मापक बनाउनु पर्नेमा जोड दिँदै उहाँले संस्था आफ्ना ग्राहक सदस्य एवं ऋणीहरुको सहयोगी, सहकारी र समन्वयकर्ता हुनु आवश्यक रहेको संकेत गर्दै उहाँले विगतमा केही लघुवित्त संस्थाले वितरण गरेको लाभांश र उनीहरुले ग्राहकसँग लिने उच्च व्याजदरमा सन्तुलन मिलाउनु पर्ने सुझाव गर्नु भयो ।



सरकारका गरिबी निवारण र सामाजिक परिचालन कार्यक्रमहरुलाई लघुवित्तसँग आवद्ध गर्दै लगेमा पूँजीको लागत घटी कर्जाको व्याजदर घटाउन सकिने धारणा राख्दै उहाँले यसका लागि सरकार, स्थानीयस्तरमा जिविस र गाविसको ध्यान जानु पर्ने र यसमा गैरसरकारी संस्थाको भूमिका महत्वपूर्ण हुने विचार उहाँले राख्नुभएको थियो । करिब १५ लाख परिवारले लघुवित्त सेवा पाइरहेका र करिब १४ लाख घरधुरी निरपेक्ष गरिबीको रेखामुनि रहेको सन्दर्भमा सबै गरिब तथा विपन्न घरपरिवारले कुनै न कुनै प्रकारका लघुवित्त सेवा प्राप्त गरेको तर्क आउने गरेको भएतापनि लघुवित्त सेवाको दोहोरोपनाले यो सम्भव नभएको उहाँले स्पष्ट पार्नुभयो । बहुबैंकिंङका कारण विपन्न वर्ग ऋणमाथि ऋणको भारबाट थिचिएको, कर्जा विस्तार भए पनि उत्पादन र रोजगारी बढन नसकेको अवस्थामा विपन्नहरु ऋणको पासोमा पर्ने अवस्थामा पुग्न नदिन केन्द्रीय बैंक सचेत रहेकोतर्फ उहाँले प्रष्ट पार्नु भयो । लघुवित्त वित्तीय संस्थाले अर्को संस्थाका ग्राहक खोस्न नहुनेमा उहाँको जोड रहेको थियो ।

वित्तीय सेवाको पहुँचबाट विमुख विपन्न वर्गको पहिचान गरी तिनलाई कर्जा दिएर आर्थिक समृद्धि र गरिबीको रेखामाथि पुऱ्याउने कामलाई संस्थाको सफलताको परिसूचक बनाउने उहाँको सुझाव थियो । आफूसँग आवद्ध ग्राहक सधैं विपन्न हुन नहुँने भन्नु हुँदै निश्चित वर्षपछि विपन्नताबाट मुक्ति दिलाई थप वित्तीय आवश्यकता पूरा गर्न अन्य वर्गका वित्तीय संस्थामा सो संस्थाले सिफारिस गरिदिने तर्फ उन्मुख हुन उहाँले सुझाव दिनुभएको थियो ।




म्याग्दी, बाग्लुङ, पर्वतजस्ता पहाडी जिल्लाबाट प्रथम चरणको सेवा प्रवाह सुरु गरी आफ्नो कार्य क्षेत्रभित्रका अन्य स्थानहरुमा समेत वित्तीय सेवाबाट बञ्चित समुदायलाई सेवा प्रदान गर्न उहाँले शुभकामना दिनुभयो । बैंकिंङ सघनता नभएका क्षेत्रमा सेवा विस्तार गर्ने कार्यमा नेपाल राष्ट्र बैंक सदैव सहयोगी हुने विश्वास दिलाउनु हुँदै उहाँले बैंकले लघुवित्त सम्बन्धी नीतिगत व्यवस्थाहरुलाई समय समयमा पुनरावलोकन गर्दै आएको र वित्तीय संस्थाहरूको सुझाव स्वीकार गरिने धारणा राख्नु भयो ।

समग्र वित्तीय प्रणालीको विश्लेषण गर्दै, बैंकहरु नाफामा तर उद्योगहरु धरासायी हुँदै जाने विरोधाभाषपूर्ण अवस्था रहेको सन्दर्भमा नाफा आफूलाई र जोखिम चाहिँ अर्कोलाई भन्ने प्रवृत्ति अन्त्य हुनुको आवश्यकता औंल्याउनु हुँदै उहाँले दुवै पक्षले जोखिम व्यवस्थापन गरेमा जितजितको अवस्था हासिल भै आर्थिक वृद्धिमा योगदान पुग्दछ भन्नु भयो । त्यसैगरी, उहाँले वित्तीय क्षेत्र उदारीकरण पश्चात् केन्द्रीय बैंकले व्याजदर निर्धारण प्रक्रियालाई बजार संयन्त्रबाट हुने नीतिगत व्यवस्था गरिसकेकोले नियन्त्रणात्मक पद्धतिमा जान कठीन हुने स्पष्ट पार्नुभयो । तर पनि बैंक तथा वित्तीय संस्थाको व्याजदर निर्धारण प्रक्रियालाई पारदर्शी बनाउन केन्द्रीय बैंकले आधार व्याजदरको नीतिगत व्यवस्थालाई कार्यान्वयनमा ल्याई सकेको र यसबाट बैंकहरुको न्यून कार्यकुशलताको लागत व्यवसायीले व्यहोर्नु पर्ने अवस्थाबाट पार पाउन सकिने, बैंकहरु कार्यकुशलता एवं उत्पादकत्व बढाउन बाध्य हुने र अन्ततोगत्वा बैंक कर्जाको व्याजदर पूर्ण प्रतिस्पर्धी भई उद्यमी व्यवसायी र समग्र अर्थतन्त्र नै लाभान्वित हुने अपेक्षा केन्द्रीय बैंकले लिएको स्पष्ट पार्नुभयो । यसबाट राम्रा र लागत प्रभावी परियोजनाहरुले न्यून व्याजदरमा कर्जा पाउन सक्ने, ऋणी एवं परियोजनामा अन्तरनिहीत जोखिमलाई हेरेर मात्र बैंकले कर्जा प्रवाह गर्ने हुँदै यी दुवै पक्ष कर्जाको व्याजदरको निर्णायक हुने हुँदा व्याजदर विवाद मत्थर हुने आशा राख्दै उहाँले यस व्यवस्थाले गर्दा बैंकहरुबाट आधारदर भन्दा पनि कम व्याजदरमा कर्जा माग गर्ने उद्यमी व्यवसायीलाई नैतिक रुपले सजिलो नहुने बरु उनीहरुलाई कम आधारदर भएको बैंक छान्ने अवसर प्राप्त हुने र उत्पादनको लागत पनि प्रतिस्पर्धी हुने अवस्थाको सिर्जना हुने विश्वास व्यक्त गर्नु भयो ।

पूँजी परिचालन गर्न बचतलाई आकर्षित गर्नु पर्ने हुँदा निक्षेपकर्ताले पाउने वास्तविक व्याजदर सकारात्मक हुने हदसम्म कर्जाको व्याजदर प्रभावित हुने कुरा पनि औंल्याउनु हुँदै व्याजदर अन्तर उच्च रहेको कुरालाई केन्द्रीय बैंकले गम्भीरतापूर्वक लिँदै आधारदरको अवधारणा अघि सारिएको स्पष्ट पार्नुभयो । वित्तीय अपराध न्यूनीकरण गर्न ग्राहक पहिचान सम्बन्धी विषय ल्याइएको र यसमा व्यावहारिक समस्यालाई सहज गर्नका लागि केही खुकुलो गरिएको जानकारी दिनुभयो ।

अन्तमा, गभर्नर खतिवडाले संस्थापकहरुको पृष्ठभूमिलाई दृष्टिगत गरी विजय लघुवित्त वित्तीय संस्थालाई सामाजिक आर्थिक रुपान्तरणको अभियन्ता बन्नका लागि सफलताको शुभकामना दिनुभएको थियो ।